## सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिको दोश्रो प्रोटोकल

हेग मार्च २६, १९९९

पक्षहरु,

सशस्त्र द्वन्दका क्रममा सांस्कृतिक सम्पत्तिको संरक्षणलाई सुधार गर्ने र विशेष रुपमा तोकिएका सांस्कृतिक सम्पत्तिको सुरक्षाको लागि सुदृढ सुरक्षा प्रणाली स्थापना गर्ने आवश्यकता प्रति सचेत हुँदै,

हेगमा मे १४, १९५४ मा सम्पन्न भएको सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिका व्यवस्थाहरुका महत्व र यी व्यवस्थामा थप उपायहरु गरी महासन्धिका व्यवस्थाहरुको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउने कुरालाई जोड दिदै,

उच्च सम्झौताकारी पक्षहरुलाई सशस्त्र द्वन्दका अवस्थामा संरक्षणमा अझ बढी निकटताका साथ संलग्न गराउन उपयुक्त कार्यविधिहरु उपलव्ध गराउने चाहना गर्दै,

सशस्त्र द्वन्दका अबस्थामा सांस्कृतिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धी नियमहरुले अन्तर्राष्ट्रिय कानूनमा भएको विकासलाई प्रतिविम्बित गर्नुपर्छ भन्ने तर्फ विचार गर्दै,

यस प्रोटोकलले नसमेटेका सशस्त्र द्वन्दका अबस्थामा सांस्कृतिक सम्पत्तिको सरक्षण सम्बन्धी प्रश्नहरुमा परम्परागत अन्तर्राष्ट्रिय कानूनका नियमहरु लागू हुन्छन् भन्ने कुरालाई पुर्नपुष्टि गर्दै,

देहाय बमोजिम गर्न सहमत भएका छन्ः-

## परिच्छेद–१
## परिचय

### धारा १. परिभाषा

यस प्रोटोकलको प्रयोजना लागि,

(क) "पक्ष" भन्नाले यस प्रोटोकलको पक्ष सम्झनुपर्दछ ।

(ख) "सांस्कृतिक सम्पत्ति." भन्नाले महासन्धिको धारा १ मा परिभाषा गरिएको सांस्कृतिक सम्पत्ति सम्झनुपर्दछ ।

(ग) "महासन्धि" भन्नाले सशस्त्र द्वन्दका समयमा सांकृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिलाई सम्झनु पर्दछ ।

(घ) "उच्च सम्झौताकारी पक्ष" भन्नाले महासन्धिको पक्ष राज्यलाई सम्झनुपर्दछ ।

(ङ) "सुदृढ संरक्षण" भन्नाले धारा १० र ११ मा स्थापित सुदृढ संरक्षणलाई सम्झनु पर्दछ ।

(च) "सैनिक प्रयोजन" भन्नाले त्यस्तो कुनै वस्तु जसको प्रकृत्ति, अवस्थिति, प्रयोजन वा प्रयोगले सैनिक कार्यमा प्रभावकारी योगदान पु-याउछ र जसको पूर्ण वा आंशिक विनाश, कब्जा वा जसलाई प्रभावहिन गर्दा सो परिस्थितिमा निश्चित सैनिक लाभ हासिल हुन्छ ।

(छ) "अवैध" भन्नाले वाध्यात्मक बनाई वा अन्य कुनै कारण कब्जामा लिइएको भू-भागको घरेलु कानून वा अन्तर्राष्ट्रिय कानूनका सम्बन्धित नियमहरुको उल्लघंन भएको अबस्थालाई सम्झनुपर्दछ ।

(ज) "सूची" भन्नाले धारा २७ को उप-प्रकरण १(ख) बमोजिम स्थापित सुदृढ संरक्षण अन्तर्गतको सांस्कृतिक सम्पत्तिको सूचीलाई सम्झनु पर्दछ ।

(झ) "महानिर्देशक" भन्नाले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई सम्झनु पर्दछ ।

(ञ) "यूनेस्को" भन्नाले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनलाई सम्झनु पर्दछ ।

(ट) "प्रथम प्रोटोकल" भन्नाले हेगमा मे १४, १९५४ मा सम्पन्न सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिको पहिलो प्रोटोकललाई सम्झनु पर्दछ ।

**धारा २. महासन्धि संगको सम्बन्ध**

यस प्रोटोकलले पक्षहरु बीचको सम्बन्धमा महासन्धिका व्यवस्थामा थप व्यवस्था गर्दछ ।

**धारा ३. प्रयोगको क्षेत्र**

(१) शान्तिको समयमा प्रयोगमा आउने व्यवस्थाहरुका अतिरिक्त यो प्रोटोकल महासन्धिको धारा १८ को प्रकरण (१) र (२) तथा यस प्राटोकलको धारा २२ को प्रकरण (१) मा उल्लिखित अवस्थामा लागू हुनेछ ।

(२) सशस्त्र द्वन्दमा रहेको कुनै पक्ष यस प्रोटोकलद्वारा बाँधिएको नभएता पनि यसका पक्षहरु उनीहरुका पारस्परिक सम्बन्धमा बाँधिएका हुनेछन् । तिनीहरु यस प्रोटोकलको पक्ष नभएको पक्षले यसका प्रावधानहरुको पालना गरुञ्जेल र लागू गरुञ्जेलसम्म त्यस्तो पक्ष संगको सम्बन्धमा पनि बाँधिएको हुनेछन् ।

**धारा ४. महासन्धिको परिच्छेद-३ र अन्य व्यवस्थाहरु तथा यस प्रोटोकलका बीचको सम्बन्ध**

देहायका कुराहरुसंग प्रतिकूल प्रभाव नपारी यस प्रोटोकलको परिच्छेद-३ को व्यवस्थाको प्रयोग हुनेछः-

(क) महासन्धिको परिच्छेद-१ र यस प्रोटोकलको परिच्छेद-२ को प्रयोग

(ख) यस प्रोटोकलका पक्षहरु बीच वा कुनै पक्ष र धारा ३ को प्रकरण (२) बमोजिम यस प्रोटोकललाई स्वीकार गर्ने र प्रयोग गर्ने पक्ष बीचको सम्बन्ध जसमा सांस्कृतिक सम्पत्तिलाई विशेष संरक्षण र सुदृढ संरक्षणमा मा राखिएको अबस्थामा सुदृढ संरक्षण सम्बन्धी व्यवस्था मात्रै लागू हुनेमा बाहेक महासन्धिको परिच्छेद-२ का व्यवस्थाहरुको प्रयोग ।

## परिच्छेद-२
## संरक्षण सम्बन्धी सामान्य व्यवस्था

### धारा ५. सांस्कृतिक सम्पत्तिको जगेर्ना गर्ने

शान्तिको समयमा कुनै सशस्त्र द्वन्दको कारण पर्न सक्ने संभावित प्रभाववाट सांस्कृतिक सम्पत्तिको जगेर्ना गर्न महासन्धिको धारा ३ बमोजिम लिइने तयारी सम्बन्धी उपायहरुमा उपयुक्त अनुसार विवरणहरु तयार पार्ने, आगलागी वा संरचना ढल्नवाट जोगाउन आपतकालीन उपायहरुको योजना गर्ने, चल सांस्कृतिक सम्पत्तिलाई स्थानान्तरण गर्ने वा स्वस्थानीय संरक्षण गर्ने भएमा सो सम्बन्धी पर्याप्त व्यवस्था गर्ने र सांस्कृतिक सम्पत्तिको जगेर्ना गर्नको निमित्त सक्षम निकायहरु तोक्ने कार्यहरु पर्नेछन् ।

### धारा ६. सांस्कृतिक सम्पत्तिको सम्मान

महासन्धिको धारा ४ बमोजिम सांस्कृतिक सम्पत्ति प्रतिको सम्मान प्रबर्द्धन गर्ने उद्देश्यले :-

(क) वाध्यात्मक सैनिक आवश्यकताको कारण महासन्धिको धारा ४ को प्रकरण (२) बमोजिम छुट कुनै सांस्कृतिक सम्पत्ति विरुद्ध लिएर शत्रुतालाई निर्देशित गर्न देहायका अवस्थामा मात्र प्रयोग गर्न सकिनेछ :-

(१) सांस्कृतिक सम्पत्तिको कामले नै सैनिक उद्देश्यको लागि वनाइएको भएमा, र

(२) त्यस्तो वस्तु विरुद्ध शत्रुताको कार्य गर्न बाहेक अन्य कुनै पनि संभावित विकल्पववाट त्यस्तो प्रकारको सैनिक लाभ हासिल गर्न सकिने नभएमा,

(ख) महासन्धिको धारा ४ को प्रकरण (२) बमोजिम वाध्यात्मक सैनिक आवश्यकताको छुट अन्तर्गत सांस्कृतिक सम्पत्तिलाई प्रयोग गर्नको लागि त्यस्तो सम्पत्तिलाई विनास वा नोक्सानीवाट जोगाउन सकिने सम्भावना नै नभएमा वा त्यस्तै प्रकारको सैनिक फाइदा प्राप्त गर्नकोलागि अन्य सम्भाव्य तयिरका नै नभएको अबस्थामा रहेको हुनुपर्छ,

(ग) वाध्यात्मक सैनिक आवश्यकतालाई प्रयोग गर्ने निर्णय वा सो भन्दा ठूलो आकारको सैनिक कमाण्डिङ्ग अधिकृतले मात्र गर्नेछ वा परिस्थितिले अनयथा गर्न नसक्ने भएमा सो भन्दा सानो फौजको कमाण्डिङ्ग अधिकृतले पनि गर्न सक्नेछ ।

(घ) उप प्रकरण (क) अन्तर्गत निर्णय गरी आक्रमणको आदेश दिंदा परिस्थितिले मिलेसम्म पूर्ण चेतावनी दिइनेछ ।

**धारा ७. आक्रमणको समयमा अपनाउनु पर्ने सावधानी**

सैनिक परिचालनका समयमा अन्तर्राष्ट्रिय मानवीय कानून बमोजिम अपनाउनु पर्ने सावधानीहरुमा प्रतिकूल प्रभाव नपारी हरेक पक्षले देहायका कार्यहरु गर्नेछ :-

(क) आक्रमण गरिनु पर्ने वस्तुहरु महासन्धिको धारा ४ अन्तर्गतका सांस्कृतिक सम्पत्ति होइनन् भन्ने कुरा एकिन गर्न सम्भव भएसम्मका सबै उपायहरु गर्ने ।

(ख) महासन्धिको धारा ४ अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्ति उपर अप्रत्यक्ष रुपमा नै भएपनि आक्रमण हुन नदिन र आक्रमण गर्नै पर्ने भएपनि कम भन्दा कम हानी पुग्ने खालको आक्रमणको साधन र तरिका अपनाउन सम्भव सबै उपायहरु गर्ने ।

(ग) महासन्धिको धारा ४ अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्तिमा अप्रत्यक्ष असर पर्ने गरी कुनै आक्रमण नगर्ने जुन प्रत्यक्ष वा ठोस सैनिक लाभको अपेक्षित परिणामको तुलनामा ज्यादै बढी हुन्छ ।

(घ) देहायको कुनै अबस्था प्रत्यक्ष देखिएमा आक्रमण बदर गर्ने वा रोक्नेः-

(१) त्यस्तो बस्तु महासन्धिको धारा ४ बमोजिम संरक्षित सांस्कृतिक सम्पत्ति हो ।

(२) महासन्धिको धारा ४ अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्तिमा अप्रत्यक्ष असर पर्न सक्ने अनुमान गरिएको आक्रमण जुन प्रत्यक्ष वा ठोस सैनिक लाभको अपेक्षित परिणामको तुलनामा ज्यादै बढी हुन्छ ।

## धारा ८. शत्रुतापूर्ण कार्यका प्रभावका सम्बन्धमा  अपनाउनु पर्ने सावधानी

द्वन्दरत पक्षहरुले सम्भव भएसम्म देहायका कार्यहरु गर्नेछन्:-

(क) सैनिक उद्देश्यका स्थानहरुवाट चल सांस्कृतिक सम्पत्तिलाई हटाउने वा तिनको स्व-स्थानीय संरक्षण गर्ने ।

(ख) सांस्कृतिक सम्पत्तिको नजिक सैनिक उद्देश्यका स्थान नराख्ने ।

## धारा ९. कब्जा गरिएको भू-भागमा सांस्कृतिक सम्पत्तिको संरक्षण

(१) महासन्धिको धारा ४ र ५ का व्यवस्थामा प्रतिकूल प्रभाव नपारी अर्को राज्यको सबै वा केही भू-भाग कब्जा गर्ने पक्षले कब्जामा लिएको भू-भागका सम्बन्धमा दोयका कार्यहरु निषेध गर्ने र रोक्नेछन् :-

(क) सांस्कृतिक सम्पत्तिको अवैध निकासी वा स्थान परिवर्तन वा स्वामित्व हस्तान्तरण

(ख सांस्कृतिक सम्पत्तिको जगेर्ना, अभिलेखीकरण वा संरक्षणका लीग अति जरुरी भएको अबस्थामा बाहेक कुनै पुरातात्विक उत्खनन् ।

(ग) कुनै सांस्कृतिक, ऐतिहासिक वा वैज्ञानिक प्रमाण लुकाउने मनसायले सांस्कृतिक सम्पत्तिमा गरिने कुनै फेरबदर वा त्यसको प्रयोगमा गरिने परिवर्तन ।

(२) परिस्थितिले साथ नदिएको अवस्थामा बाहेक कब्जा गरिएको भू-भागमा रहेका सांस्कृतिक सम्पत्तिको पुरातात्विक उत्खनन् फेरबदल वा प्रयोगमा परिवर्तन गर्दा सो भू-भागको सक्षम राष्ट्रिय निकायको निकट सहयोगमा रही गरिनेछ ।

## परिच्छेद–३
## सुदृढ संरक्षण

### धारा १०. सुदृढ संरक्षण

देहायका शर्त पूरा गर्ने सांस्कृतिक सम्पत्तिलाई सुदृढ संरक्षण अन्तर्गत राख्न सकिनेछः-

(१) यो मानव जातिकै लागि ठूलो महत्वको सांस्कृतिक सम्पदा हो ।

(२) यसको अतिनै ठूलो सांस्कृतिक र ऐतिहासिक मूल्यलाई विचार गरी आन्तरिक रुपमा पर्याप्त विधायिकी र प्रशासनिक उपायहरु गरी उच्च स्तरको संरक्षण सुनिश्चित गरिएको छ ।

(३) यसलाई कुनै सैनिक उद्देश्यको लागि वा कुनै सैनिक क्षेत्रको ढालको रुपमा प्रयोग गरिएको छैन र त्यस्तो सांस्कृतिक सम्पत्ति उपर नियन्त्रण गर्ने पक्षले यसलाई भविष्यमा पनि त्यसरी प्रयोग गरिने छैन भनी सुनिश्चित गरेको छ ।

### धारा ११. सुदृढ संरक्षण प्रदान गर्ने :

(१) सुदृढ संरक्षण लिन चाहने हरेक पक्ष राज्यले समिति समक्ष सुदृढ संरक्षण लिन चाहेको सांस्कृतिक सम्पत्तिको सूची पेश गर्नुपर्दछ ।

(२) सांस्कृतिक सम्पत्ति उपर अधिकार क्षेत्र वा नियन्त्रण हुने पक्षले त्यस्तो सम्पत्तिलाई धारा २७ को उप-प्रकरण १(ख) बमोजिम सूचीमा संलग्न गरियोस्

भनी अनुरोध गर्न सक्नेछ । यस्तो अनुरोधमा धारा १० मा उल्लिखित मापदण्ड सम्बन्धी आवश्यक सबै जानकारी संलग्न हुनुपर्नेछ । समितिले कुनै पक्ष राज्यलाई सांस्कृतिक सम्पत्तिलाई सूचीमा राख्न अनुरोध गर्न आव्हान गर्न सक्नेछ ।

(३) अन्य पक्षहरु, ब्लू सिल्डको अन्तर्राष्ट्रिय समिति र अन्य गैर सरकारी संस्थाले कुनै पक्ष राज्यलाई सांस्कृतिक सम्पत्तिलाई सूचीमा राख्न अनुरोध गर्न आव्हान गर्ने निर्णय गर्न सक्नेछ । यस्तो अवस्थामा समितिले सो सांस्कृतिक सम्पत्तिलाई सूचीमा राख्न अनुरोध गर्ने पक्षलाई आमन्त्रण गर्ने निर्णय गर्न सक्नेछ ।

(४) सार्वभौमसत्ता वा अधिकार क्षेत्रका सम्बन्धमा एक भन्दा बढी राज्यले दावी गरेको कुनै भू-भागमा रहेको सांस्कृतिक सम्पत्तिलाई संलग्न गर्ने अनुरोध वा संलग्न गर्ने कार्यले विवादमा रहेका पक्षहरुको अधिकारमा कुनै प्रतिकूल प्रभाव पार्ने छैन ।

(५) सूचीमा समावेश गर्ने अनुरोध प्राप्त भएपछि समितिले सो अनुरोधका सम्बन्धमा सबै पक्षहरुलाई जानकारी दिनेछ । पक्षहरुले समिति समक्ष त्यस्तो अनुरोधका सम्बन्धमा आ-आफ्ना धारणा साठी दिन भित्र पेश गर्न सक्नेछन् । त्यस्तो धारणा धारा १० मा उल्लिखित आधारमा मात्र राख्नु पर्नेछ । तिनीहरु ठोस र तथ्य संग सम्बन्धित हुनुपर्नेछ । समितिले ती धारणाहरु उपर विचार गर्नेछ र निर्णय गर्नु अघि समावेश गर्न अनुरोध गर्ने पक्षलाई जवाफ दिने मनासिब अवसर पनि प्रदान गर्नेछ । त्यस्तो धारणा समिति समक्ष राखिएको भएमा धारा २६ मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचीमा समावेश गर्ने सम्बन्धी निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको पाँच भागमध्ये चार भागको बहुमतवाट लिइनेछ ।

(६) कुनै अनुरोधका सम्बन्धमा निर्णय गर्दा समितिले सरकारी तथा गैर सरकारी संस्था तथा विशेषज्ञहरुको सल्लाह लिनु पर्नेछ ।

(७) सुदृढ संरक्षणको अनुमति दिने वा दिन अस्वीकार गर्ने निर्णय लिंइदा धारा १० मा उल्लिखित आधारमा मात्र गर्न सक्नेछ ।

(८) अपवादात्मक अवस्थामा सांस्कृतिक सम्पत्तिलाई सूचीमा समावेश गराई दिन अनुरोध गर्ने पक्षले धारा १० को उप प्रकरण (ख) मा उल्लिखित शर्त पूरा गर्न सक्दैन भनी समितिले ठहराएमा समितिले सुदृढ संरक्षण प्रदान गर्न सक्नेछ तर अनुरोध गर्ने पक्षले धारा ३२ अन्तर्गत अन्तर्राष्ट्रिय संहयोगको लागि अनुरोध गर्नुपर्छ ।

(९) शत्रुतापूर्ण कार्य शुरुआत भएपनि कुनैपनि द्वन्दरत पक्षले आपतकालीन आधारमा उसको क्षेत्राधिकार वा नियन्त्रणमा रहेको सांस्कृतिक सम्पत्तिको सुदृढ संरक्षण को लागि समिति समक्ष अनुरोध गर्न सक्नेछ । समितिले तुरुन्तै त्यस्ता अनुरोध सबै द्वन्दरत पक्षहरुलाई पठाउनेछ । यस्तो अबस्थामा समितिले छिटो गरी सबै द्वन्दरत पक्षहरुको धारणा उपर विचार गर्नेछ । अस्थायी रुपमा सुदृढ संरक्षण दिने निर्णय धारा २६ मा जेसुकै उल्लेख भएतापनि उपस्थित भई मतदान गर्ने सदस्यहरुको पाँच भागको चार भाग बहुमत (८०%) वाट यथासक्य चाँडो गरिनेछ । सुदृढ संरक्षण प्रदान गर्ने नियमित प्रक्रियाको परिणाम प्राप्त नहुन्जेल समितिले अस्थायी सदृढ संरक्षण प्रदान गर्न सक्नेछ । तर धारा १० को उप प्रकरण (क) र (ग) का शर्त पूरा भएको हुनुपर्नेछ ।

(१०) सांस्कृतिक सम्पत्तिलाई सूचीमा समावेश गर्नासाथ समितिले यसलाई सुदृढ संरक्षण प्रदान गर्नेछ ।

(११) महानिर्देशकले ढिलाई नगरिकन संयुक्त राष्ट्रका महा-सचिवलाई र सबै पक्षहरुलाई कुनै सांस्कृतिक सम्पत्ति  सूचीमा राख्ने सम्बन्धी समितिको निर्णयको जानकारी पठाउने छ ।

**धारा १२. सुदृढ संरक्षण अन्तर्गत रहेका सांस्कृतिक सम्पत्तिको उन्मुक्ति**

सुदृढ संरक्षण अन्तर्गत रहेको सांस्कृतिक सम्पत्तिलाई आक्रमणको निशाना नबनाउने वा त्यस्तो सम्पत्ति वा त्यसको वरिपरिको क्षेत्रलाई सैनिक कारवाहीको पक्षमा प्रयोग नगर्ने गरी उन्मुक्ति प्रदान गर्ने कुराको सुनिश्चितता द्वन्दरत पक्षहरुले गर्नेछन् ।

**धारा १३. सुदृढ संरक्षण समाप्त हुने**

(१) सुदृढ संरक्षण अन्तर्गत रहेको सांस्कृतिक सम्पत्तिको त्यस्तो संरक्षण निम्न अबस्थामा मात्र समाप्त हुनेछ, यदिः-

(क) धारा १४ बमोजिम त्यस्तो संरक्षण निलम्बन वा वदर गरिएमा,

(ख) त्यस्तो सम्पत्ति वा त्यसको प्रयोग सैनिक उद्देश्यको हुन गएमा ।

(२) उप प्रकरण १ (ख) को अबस्थामा त्यस्तो सम्पत्ति मात्र आक्रमणको निशाना हुन सक्छ यदि,-

(क) उप प्रकरण १ (ख) मा उल्लिखित सम्पत्तिको प्रयोगलाई अन्त्य गर्ने एक मात्र सम्भव उपाय आक्रमण नै हो भने ।

(ख) आक्रमणको साधन र तरिकाको छनौटमा सबै सम्भव सावधानी अपनाइनेछ जसवाट त्यस्तो सम्पत्तिको प्रयोग अन्त्य गर्न सकियोस वा सोको प्रयोगलाई घटाउन सकियोस् ।

(ग) तत्कालै आत्मरक्षाको आवश्यकताको कारणले परिस्थिति अन्यथा नभएसम्मः-

(अ) आक्रमणको निर्देशन संचालनको सर्वोच्च तहवाट भएको हुन्छ,

(आ) अर्को पक्षको फौजलाई उप-प्रकरण १(ख) मा उल्लिखित प्रयोगलाई अन्त्य गर्न प्रभावकारी पूर्व चेतावनी दिइएको छ, र

(इ) परिस्थितिलाई सुधार गर्न अर्को पक्षको फौजलाई मनासिब समय दिइएको छ ।

### धारा १४. सुदृढ संरक्षणंको निलम्बन तथा समाप्ति

(१) सांस्कृतिक सम्पत्तिले यस प्रोटोकलको धारा १० मा उल्लिखित कुनै पनि शर्त पूरा गर्न छोडेमा समितिले यसको सुदृढ संरक्षण स्थितिलाई निलम्बन गर्न वा सूचीवाट त्यस्तो सांस्कृतिक संम्पत्तिलाई हटाई सुदृढ संरक्षणको स्थिति अन्त्य गर्न सक्नेछ ।

(२) सुदृढ संरक्षण अन्तर्गत राखिएको सांस्कृतिक सम्पत्तिलाई सैनिक कारवाहीको पक्षमा प्रयोग गरिएको कारण धारा १२ को गम्भीर उल्लघंन भएको खण्डमा समितिले यसको सुदृढ संरक्षणको स्थितिलाई अन्त्य गर्न सक्नेछ । त्यस्तो उल्लघंन निरन्तर भइरहेमा समितिले अपवादत्मक रुपमा त्यस्तो सांस्कृतिक सम्पत्तिलाई सूचीवाट हटाई त्यसको सो स्थिति वदर गर्न सक्नेछ ।

(३) महानिर्देशकले ढिलाई नगरिकन सयुक्त राष्ट्रका महासचिव तथा यस प्रोटोकलका सबै पक्षहरुलाई सांस्कृतिक सम्पत्तिको सुदृढ संरक्षणको निलम्बन वा वदर गर्ने समितिको निर्णयका वारेमा जानकारी दिनेछ ।

(४) त्यस्तो निर्णय गर्नु अघि समितिले पक्षहरुलाई उनीहरुको धारणा बुझ्नका लागि अवसर उपलव्ध गराउनेछ ।

## परिच्छेद–४
## फौज्दारी दायित्व र अधिकार क्षेत्र

### धारा १५. प्रोटोकलको गम्भीर उल्लघंन

(१) कुनै व्यक्तिले मनसायपूर्वक र महासन्धि वा यस प्रोटोकलको उल्लघंन गरी देहायको कुनै कार्य गरेमा निजले यस प्रोटोकलको प्रयोजनका लागि कसूर गरेको मानिनेछ :-

(क) सुदृढ संरक्षण अन्तर्गत रहेको सांस्कृतिक सम्पत्तिलाई आक्रमणको निशाना वनाउने,

(ख) सुदृढ संरक्षण अन्तर्गत रहेको सांस्कृतिक सम्पत्ति वा यसको वरिपरिको क्षेत्रलाई सैनिक कारवाहीको पक्षमा उपयोग गर्ने,

(ग) महासन्धि र यस प्रोटोकल अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्तिलाइ धेरै क्षति पुयाउने वा हिनामिना गर्ने,

(घ) महासन्धि र यस प्रोटोकल अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्तिलाई आक्रमणको निशाना वनाउने ।

(ङ) महासन्धि अन्तर्गत संरक्षित सांस्कृतिक सम्पत्ति चोरी गर्ने, त्यसमा हानी पुऱ्याउने हिनामिना गर्ने, तोडफोड गर्ने ।

(२) हरेक पक्षले आ-आफ्नो आन्तरिक कानून अन्तर्गत यस धारामा उल्लेख गरिएका कसूरहरुलाई फौज्दारी कसूरको रुपमा स्थापित गर्न र ती कसूरहरुलाई उपयुक्त सजायको व्यवस्था गरी दण्डित गर्न आवश्यक पर्ने सबै उपायहरु गर्नेछन् । त्यसो गर्दा पक्षहरुले प्रत्यक्ष रुपमा त्यस्ता कार्यमा संलग्न रहने व्यक्तिहरुका अतिरिक्त अन्य व्यक्तिहरुमा समेत फौज्दारी दायित्व विस्तार हुन सक्ने लगायत कानून र अन्तर्राष्ट्रिय कानूनका सामान्य सिद्धान्तहरुको परिपालना गर्नेछन् ।

**धारा १६. अधिकार क्षेत्र**

(१) प्रकरण २ को व्यवस्थामा प्रतिकूल प्रभाव  नपारीकन देहायका अबस्थामा प्रत्येक पक्ष राज्यले धारा १५ बमोजिमका कसूर भएको अबस्थामा आफ्नो अधिकार क्षेत्र स्थापित हुने गरी आवश्यक विधायिकी उपायहरु अपनाउनेछन् :-

(क) त्यस्तो कसूर त्यस राज्यको भू-भाग भित्र भएको भएमा,

(ख) आरोपित कसूरदार त्यस राज्यको नागरिक भएको अबस्थामा,

(ग) धारा १५ को उप प्रकरण (क) देखि (ग) सम्ममा उल्लिखित कसूरहरुका हकमा त्यस्तो आरोपित कसूरदार त्यस राज्यको भू-भागमा रहेको भएमा ।

(२) अधिकार क्षेत्रको प्रयोगका सम्बन्धमा र महासन्धिको धारा २८ को व्यवस्थामा प्रतिकूल प्रभाव नपारीकन :-

(क) लागू हुने राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत व्यक्तिगत फौज्दारी दायित्वको सिर्जना हुने वा अधिकार क्षेत्रको प्रयोग वा परम्परागत अन्तर्राष्ट्रिय कानून अन्तर्गत अधिकार क्षेत्रको प्रयोगलाई यस प्रोटोकलले अन्यथा गर्ने छैन ।

(ख) यस प्रोटोकलको पक्ष नभएको कुनै राज्यले धारा ३ को प्रकरण (२) बमोजिम यसका व्यवस्थाहरुलाई स्वीकार गरी पालना गरेको अबस्थामा बाहेक यस प्रोटोकलको पक्ष नभएको कुनै राज्यको सशस्त्र फौजको सदस्य वा यस प्रोटोकलको सदस्य भएको कुनै राज्यको सशस्त्र फौजमा कार्यरत रहेको यस्तो देशको नागरिकका हकमा यस प्रोटोकलको कारणले कुनै व्यक्तिगत फौज्दारी दायित्व सिर्जना गर्दैन, नत त्यस्ता व्यक्ति उपर अधिकार क्षेत्र स्थापना गर्ने वा तिनीहरुलाई सपुर्दगी गर्ने दायित्व नै तोक्दछ ।

**धारा १७. अभियोजन**

(१) धारा १ को उप प्रकरण १ (क) देखि (ग) सम्ममा उल्लिखित कुनै कसूरको कसूरदार जुन राज्यमा उपस्थित रहेको पाइएकोछ, सो राज्यले त्यस्तो व्यक्तिलाई सपुर्दगी नगर्ने भए आफ्नो घरेलु कानून बमोजिम वा आकर्षित हुने भए अन्तर्राष्ट्रिय कानूनका सम्बद्ध नियमहरु बमोजिम अभियोजनका लागि कुनै पनि प्रकारको अपवाद विना र अनुचित रुपमा ढिलाई नगरिकन सक्षम अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) आकर्षित हुने सम्बद्ध अन्तर्राष्ट्रिय कानूनका नियमहरुलाई प्रतिकूल प्रभाव नपारीकन महासन्धि वा यस प्रोटोकलका सिलसिलामा कारवाही चलाइएको व्यक्तिलाई आन्तरिक कानून वा अन्तर्राष्ट्रिय कानून बमोजिम राम्रा व्यवहार र स्वच्छ सुनुवाईको प्रत्याभूति गरिनेछ र कुनै पनि अवस्थामा अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेको भन्दा कम हुने गरी सुरक्षणको प्रत्याभूति गरिनेछैन ।

## धारा १८. सपुर्दगी

(१) धारा १५ को उपप्रकरण १ (क) देखि (ग) सम्ममा उल्लिखित कसूरहरु सो प्रोटोकल लागू हुनुभन्दा अगाडि कुनै पक्ष बीच सम्पन्न भईसकेका सपुर्दगी सन्धिमा परेका सरह मानिनेछन् । पक्षहरुले उनीहरु बीच पछि सम्पन्न हुने सपुर्दगी सन्धिमा पनि यस्ता कसूरहरुलाई समावेश गर्ने कबूल गर्दछन् ।

(२) सपुर्दगीका लागि कुनै सन्धिको आधार मान्ने गरी शर्त राख्ने कुनै पक्षलाई त्यस्तो सपुर्दगी सन्धि नभएको कुनै अर्को पक्षले सपुर्दगी गर्न अनुरोध गरेको खण्डमा अनुरोध गरिएको पक्षले यस प्रोटोकललाई धारा १५ को उप प्रकरण १ (क) देखि (ग) सम्ममा उल्लिखित कसूरहरुका सम्बन्धमा सपुर्दगी गर्ने कानूनी आधारको रुपमा लिन सक्नेछ ।

(३) सपुर्दगीलाई कुनै सन्धिका आधारमा गर्ने गरी शर्त नराख्ने पक्षहरुले अनुरोध गरिएको पक्षको कानूनका शर्तहरुको अधीनमा रही धारा १५ को उप प्रकरण १ (क) देखि (ग) सम्ममा उल्लिखित कसूरहरुलाई सपुर्दगी गर्न सकिने कसूरहरुको रुपमा मान्यता दिनेछन् ।

(४) आवश्यकता परेको खण्डमा धारा १५ को उप प्रकरण १ (क) देखि (ग) सम्म उल्लिखित कसूरहरुलाई पक्षहरु बीच सपुर्दगी गर्ने प्रयोजनका लागि ती कसूरहरु घटना भएको स्थानमा मात्र भएका नभई धारा १६ को प्रकरण (१)

बमोजिम अधिकार क्षेत्र स्थापित भएको पक्षको भू-भागमा समेत भएको मानिनेछ ।

## धारा १९. को पारस्परिक कानूनी सहायता

(१) पक्षहरुले कसूर सम्बन्धी कारवाहीको लागि आवश्यक पर्ने उनीहरुको क्षमता भित्र रहेका प्रमाणहरु प्रांप्त लगायत धारा १५ मा उल्लिखित कसूरहरुका सम्बन्धमा गरिने अनुसन्धान वा फौज्दारी वा सपुर्दगी कारवाहीका सम्बन्धमा उच्चतम हदसम्मको सहयोग एक आपसमा उपलव्ध गराउनेछन् ।

(२) पक्षहरुले प्रकरण (१) अन्तर्गतको दायित्व उनीहरु बीच कुनै सन्धि वा पारस्परिक कानूनी सहायता सम्बन्धी अन्य व्यवस्था भए सोही बमोजिम निर्वाह गर्नेछन् । त्यस्तो सन्धि वा व्यवस्था नभए पक्षहरुले उनीहरुको आन्तरिक कानून बमोजिम एक अर्कालाई सहयोग गर्नेछन् ।

## धारा २० अस्वीकार गर्ने आधार

(१) सपुर्दगीको प्रयोजनका लागि धारा १५ को उप प्रकरण (क) देखि (ग) मा उल्लिखित कसूरहरु र पारस्परिक कानूनी सहायताको प्रयोजनका लागि धारा १५ मा उल्लिखित कसूरहरुलाई राजनीतिक कसूर वा राजनीतिक आसयले प्रेरित कसूर मानिने छैनन् । अतः यस्ता कसूरका सम्बन्धमा गरिएको सपुर्दगी वा पारस्परिक कानूनी सहायताको अनुरोधलाई त्यस्तो कसूर राजनीतिक कसूर हो वा राजनीतिक कसूर संग सम्बन्धित छ वा राजनीतिक आसयले गरिएको हो भन्ने आधारमा मात्र अस्वीकार गर्न सकिने छैन ।

(२) धारा १५ को उप प्रकरण (क) देखि (ग) सम्ममा उल्लिखित कसूरहरुका सम्बन्धमा सपुर्दगीको लागि र धारा १५ मा उल्लिखित कसूरहरुका सम्बन्धमा पारस्परिक कानूनी सहायता लागि गरिएको अनुरोध कुनै व्यक्तिलाई उसको वर्ण,

धर्म, राष्ट्रियता, जातीय उत्पत्ति वा राजनीतिक विचारका आधारमा निज विरुद्ध मुद्दा चलाउन वा सजाय गर्नका लागि गरिएको हो वा त्यस्तो अनुरोध बमोजिम गर्दा ती मध्ये कुनै कारणले सम्बन्धित व्यक्तिलाई प्रतिकूल प्रभाव पर्दछ भन्ने वारेमा विश्वास गर्नुपर्ने सारभूत आधार भएमा यस प्रोटोकलमा भएको कुनैपनि कुरालाई सपुर्दगी गर्नुपर्ने वा पारस्परिक कानूनी सहायता उपलब्ध गराउनु पर्ने दायित्व रहेको छ भनी व्याख्या गरिनेछैन ।

### धारा २१. अन्य उल्लघंन सम्बन्धी उपायहरु

महासन्धिको धारा २८ मा भएको व्यवस्थालाई प्रतिकूल प्रभाव नपारी मनसायपूर्वक गरिने देहायका कार्यहरु नियन्त्रण गर्न पक्षहरुले आवश्यकता अनुसार विधायिकी, प्रशासकिय वा अनुशासनात्मक उपायहरु गर्नेछन् :-

(क) महासन्धि वा यस प्रोटोकलको उल्लघंन गरी सांस्कृतिक सम्पत्तिको कुनै प्रयोग,

(ख) महासन्धि वा यस प्रोटोकलको उल्लघंन गरी कब्जा गरिएको क्षेत्रबाट कुनै सांस्कृतिक सम्पत्तिको अवैध निर्यात गर्ने, अन्य रुपमा हटाउने वा त्यस्तो सम्पत्तिको स्वामित्वको हस्तान्तरण ।

## परिच्छेद–५
## अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्दमा सांस्कृतिक सम्पत्तिको संरक्षण

### धारा २२. अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द

(१) यो प्रोटोकल अन्तर्राष्ट्रिय चरित्र नभएको कुनै एक पक्षको सिमाना भित्र चलिरहेको सशस्त्र द्वन्दका अबस्थामा लागू हुनेछ ।

(२) यो प्रोटोकल आन्तरिक उपद्रव र तनाव जस्तै विद्रोह वा हिंसा, छिटफूट घटना वा त्यस्तै प्रकृतिका घटनामा लागू हुने छैन ।

(३) कुनै राज्यको सार्वभौमसत्तामा वा सबै बैधानिक माध्यमबाट कुनै राज्यमा कानून र व्यवस्था कायम राख्ने वा पुर्नस्थापना गर्ने वा राज्यको राष्ट्रिय एकता र क्षेत्रीय अखण्डताको सुरक्षा गर्ने सरकारको दायित्वमा प्रभाव पार्ने प्रयोजनका लागि यस प्रोटोकलमा भएको कुनै पनि कुरालाई प्रयोग गरिने छैन ।

(४) यस प्रोटोकलमा भएको कुनैपनि कुरालाई गैर अन्तर्राष्ट्रिय प्रकृतिको सशस्त्र द्वन्द भईरहेको राज्यलाई धारा १५ को उल्लघंन भएको अवस्थामा सो राज्यको पहिलो अधिकार क्षेत्र हुने कुरालाई प्रंतिकूल प्रभाव पार्ने छैन ।

(५) यस प्रोटोकलमा भएको कुनैपनि कुरालाई कुनै पक्षको भू-भाग भित्र भएको सशस्त्र द्वन्दका आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनैपनि कारण देखाई सो देशको आन्तरिक वा वाह्य मामिलामा हस्तक्षेप गर्ने कार्यलाई पुष्टि गर्ने गरी प्रयोग गरिनेछैन ।

(६) प्रकरण (१) मा उल्लिखित अबस्थामा यस प्रोटोकललाई लागू गरिएको कारणबाट सो द्वन्दमा संलग्न पक्षहरुको कानूनी स्थितिमा कुनै प्रभाव पर्ने छैन ।

(७) द्वन्दरत पक्षहरुलाई यूनेस्कोले आफ्नो सेवाका लागि अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद-६
## संस्थागत बिषयहरु

### धारा २३. पक्षहरुको बैठक

(१) पक्षहरुको बैठक यूनेस्कोको साधारण सम्मेलन भएकै समयमा वस्नेछ र यदि महानिर्देशकले आव्हान गरेको बैठक भए उच्च सम्झौताकारी पक्षहरुको संगको समन्वयमा बस्नेछ ।

(२) पक्षहरुको बैठकले आफ्नो कार्यविधि नियमहरु पारित गर्नेछ ।

(३) पक्षहरुको बैठकको काम देहाय बमोजिम हुनेछ :-

(क) धारा २४ को प्रकरण (१) बमोजिम समितिका सदस्यहरुको निर्वाचन गर्ने,

(ख) समितिले धारा २७ को उपप्रकरण १(क) बमोजिम तयार पारेको निर्देशिकालाई स्वीकृत गर्ने,

(ग) समितिलाई कोषको संचालन गर्नका लागि निर्देशिका उपलव्ध गराउने र सुपरीवेक्षण गर्ने,

(घ) धारा २७ को उप प्रकरण १(घ) बमोजिम समितिले पेश गरेको प्रतिवेदन उपर विचार गर्ने,

(ङ) यस प्रोटोकलको कार्यान्वयनमा देखा परेका समस्याहरुमा छलफल गर्ने र उपयुक्तानुसार सिफारिश गर्ने ।

(४) कम्तिमा पाँच भागको एक भाग पक्षहरुले अनुरोध गरेमा महानिर्देशकले पक्षहरुको असाधारण बैठक आयोजना गर्नेछ ।

**धारा २४. सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको संरक्षण सम्बन्धी समिति**

(१) सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको संरक्षण सम्बन्धी समितिको स्थापना गरिएको छ । यसमा पक्षहरुको बैठकले निर्वाचित गरेका वाह्रवटा पक्षहरु रहनेछन् ।

(२) समितिको बैठक सामान्य शत्रको रुपमा बर्षमा एक पटक वस्नेछ र असाधारण शत्र यसले आवश्यक ठानेको जुनसुकै वेला वस्नेछ ।

(३) समितिको सदस्यता निर्धारण गर्दा पक्षहरुले विश्वका विभिन्न क्षेत्र तथा संस्कृतिहरुको समन्यायिक प्रतिनिधित्वको सुनिश्चितता गर्न चाहनेछन् ।

(४) समितिमा रहेका पक्ष राज्यहरुले उनीहरुको प्रतिनिधि छनौट गर्दा सांस्कृतिक सम्पदा, रक्षा वा अन्तराष्ट्रिय कानूनको क्षेत्रमा योग्यता प्राप्त गरेका व्यक्तिहरु मध्येवाट गर्नेछन् र तिनीहरुले एक आपसमा परामर्श गरी समितिमा समग्रमा यी सबै क्षेत्रमा विशेषज्ञता रहेको कुराको सुनिश्चितता गर्नेछन् ।

धारा २५. कार्य अवधि

(१) कुनै पनि पक्ष समितिमा चार बर्षको लागि निर्वाचित हुनेछ र तत्काल पछिको निर्वाचनमा एक पटक मात्र भाग लिन पाउनेछ ।

(२) प्रकरण (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि प्रथम पटकको निर्वाचनमा निर्वाचित आधा सदस्यहरुको पदावधि तिनीहरुको निर्वाचन गर्ने पक्षहरुको बैठकको पहिलो साधारण शत्रको आखिरीमा समाप्त हुनेछ । यी पक्षहरुको छनौट पक्षहरुको बैठकको अध्यक्षले गोला प्रथाद्वारा गर्नेछ ।

धारा २६. कार्यविधि नियमहरु

(१) समितिले आफ्नो कार्यविधि नियमावली पारित गर्नेछ ।

(२) सदस्यहरुको बहुमत गणपूरक संख्या हुनेछ । बैठकको निर्णय मतदान गर्ने सदस्यहरुको दुई तिहाई बहुमतवाट लिइनेछ ।

(३) आफू पक्ष रहेको सशस्त्र द्वन्दका कारण सांस्कृतिक सम्पत्तिमा परेको प्रभाव सम्बन्धी कुनै निर्णयका वखत पक्षहरु सहभागी हुने छैनन् ।

धारा २७. कार्यहरु:

(१) समितिका कार्यहरु देहाय बमोजिम रहनेछन्:-

(क) यस प्रोटोकलको कार्यान्वयनका लागि निर्देशिकाहरु बनाउने,

(ख) सांस्कृतिक सम्पत्तिलाई सुदृढ संरक्षण प्रदान गर्ने, निलम्बन गर्ने वा बदर गर्ने र सुदृढ संरक्षण र सुदृढ संरक्षण अन्तर्गत रहेका सांस्कृतिक सम्पत्तिको सूची कायम गर्ने र प्रबर्द्धन गर्ने,

(ग) यस प्रोटोकलको कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण गर्ने र सुदृढ संरक्षण अन्तर्गत रहने सांस्कृतिक सम्पत्तिको पहिचानलाई प्रबर्द्धन गर्ने,

(घ) पक्षहरुको प्रतिवेदनमा विचार गर्ने तथा प्रतिक्रिया व्यक्त गर्ने, आवश्यकता अनुरुप स्पष्टिकरण लिने र पक्षहरुको बैठकको निमित्त यस प्रोटोकलको कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार पार्ने,

(ङ) धारा ३२ अन्तर्गत अन्तर्राष्ट्रिय सहयोगको लागि अनुरोध प्राप्त गर्ने र त्यसमा विचार गर्ने,

(च) कोषको प्रयोगका सम्बन्धमा निर्णय गर्ने,

(छ) पक्षहरुको बैठकले यसलाई तोकेका अन्य कार्यहरु गर्ने ।

(२) समितिका कार्यहरु महानिर्देशक संगको सहयोगमा सम्पन्न गरिनेछन् ।

(३) समितिले महासन्धि, पहिलो प्रोटोकल र यस प्रोटोकलको उद्देश्यसंग मिल्दाजुल्दा उद्देश्य भएको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गर्नेछ । आफ्ना कार्यहरु कार्यान्वयन गर्नमा सहयोग गर्नका लागि समितिले आफ्नो बैठकहरुमा इन्टरनेशनल कमिटि फर ब्लू सिल्ड (आइ सि बी एस) र यसका आङ्गिक निकायहरु लगायत यूनेस्कोसंग औपचारिक सम्बन्ध भएका बिशिष्ठ, व्यवसायिक संगठनहरुलाई परामर्शदाताको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

### धारा २८.सचिवालय

समितिलाई यूनेस्कोको सचिवालयले सघाउनेछ र यसले सचिवालयको लागि कागजात तयार पारिदिने, बैठकको बिषय सूची बनाउने र समितिका निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी समेत वहन गर्नेछ ।

### धारा २९. सशस्त्र द्वन्दका क्रममा सांस्कृतिक सम्पत्तिको संरक्षण गर्ने कोष

(१) देहायका उद्देश्यका निमित्त एक कोषको स्थापना गरिएको छ :-

(क) अन्य कुराका अतिरिक्त धारा ५, धारा १० को उपप्रकरण (ख) र धारा ३० बमोजिम शान्तिको समयमा तयारी कार्य वा अन्य उपायहरुमा सघाउन आर्थिक वा अन्य सहयोग उपलव्ध गराउने,

(ख) अन्य कुराका अतिरिक्त धारा ८ को उप प्रकरण (क) बमोजिम सशस्त्र द्वन्द वा युद्धको अन्त्यको तत्कालै पछि सांस्कृतिक सम्पत्तिको संरक्षण गर्न आपतकालिन, अस्थायी वा अन्य उपायहरु गर्ने सम्बन्धमा आर्थिक वा अन्य सहयोग उपलव्ध गराउने ।

(२) कोष यूनेस्कोको आर्थिक नियमावलीका व्यवस्था बमोजिम संचालन हुने एक ट्रष्ट फण्ड हुनेछ ।

(३) समितिले धारा २३ को उप प्रकरण ३(ग) मा उल्लिखित निर्देशिका बमोजिम निर्णय गरेको उद्देश्यहरुको लागि मात्र कोषवाट निकासा हुने रकम उपयोग गरिनेछ । समितिले कुनै निश्चित कार्यक्रम वा आयोजना लागि मात्र सहयोग स्वीकार गर्न सक्नेछ तर यस्तो कार्यक्रम वा आयोजनाको कार्यान्वयनका सम्बन्धमा समितिले निर्णय गर्नुपर्नेछ ।

(४) कोषका स्रोतहरु देहाय बमोजिम हुनेछन्-

(क) पक्षहरुले गरेको स्वेच्छिक सहयोग,

(ख) देहायका निकायहरुले गरेको योगदान, उपहार वा सहयोग :

(अ) अन्य राज्यहरु

(आ) यूनेस्को वा संयुक्त राष्ट्र प्रणालीका अन्य संस्था

(इ) अन्य अन्तर-सरकारी वा गैर सरकारी संस्था

(ई) सार्वजनिक वा निजी निकाय तथा व्यक्तिहरु

(ग) कोषमा जम्मा हुने कुनै व्याज,

(घ) कोषको फाइदाको लागि आयोजित कार्यक्रमहरुवाट संकलित गरिएको वा उठाएको रकम, र

(ङ) कोषको निमित्त आकर्षित हुने निर्देशिकाले अख्तियारी दिएको अन्य सबै स्रोतहरु

## परिच्छेद –७
## सूचना प्रचार प्रसार तथा अन्तर्राष्ट्रिय सहयोग

धारा ३०. प्रचार प्रसारः

(१) पक्षहरुले आफ्ना सम्पूर्ण जनता माझ सांस्कृतिक सम्पत्ति प्रति विश्वास तथा सम्मान सुदृढ गर्न उपयुक्त माध्यम खासगरी शिक्षा तथा सूचना सम्बन्धी कार्यक्रमका माध्यमबाट जानकारी उपलव्ध गराउनेछन् ।

(२) पक्षहरुले शान्ति तथा सशस्त्र द्वन्द हुने समयमा यस प्रोटोकललाई सकेसम्म व्यापक रुपमा प्रचार प्रसार गर्नेछन् ।

(३) सशस्त्र द्वन्दका समयमा यस प्रोटोकललाई लागू गर्ने सम्बन्धी दायित्व ग्रहण गर्ने कुनै सैनिक वा नागरिक निकाय यस प्रोटोकलको पूर्णपाठ प्रति सुपरिचित हुनुपर्नेछ । यस उद्देश्य हासिल गर्नका लागि पक्षहरुले उपयुक्तता अनुसार देहायका कार्यहरु गर्नेछन्ः-

(क) सैनिक नियमावलीमा सांस्कृतिक सम्पत्तिको संरक्षण सम्बन्धी निर्देशन र निर्देशिका संलग्न गर्ने,

(ख) राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन र सम्बद्ध सरकारी तथा गैर सरकारी संगठनहरु संगको सहयोगमा शान्तिका समयमा तालिम तथा शैक्षिक कार्यक्रम विकास गर्ने र कार्यान्वयन गर्ने ।

(ग) एक आपसमा महानिर्देशकका माध्यमबाट उप-प्रकरण (क) र (ख) अन्तर्गत गरिएका कानून, प्रशासकिय व्यवस्था र अन्य उपायहरु वारेमा जानकारी आदान प्रदान गर्ने,

(घ) यस प्रोटोकलको कार्यान्वयन सुनिश्चितता गर्न उनीहरुले वनाएका कानून र गरेका प्रशासकीय व्यवस्थाहरुका वारेमा महानिर्देशक मार्फत सकेसम्म चाँडो एक अर्कालाई सूचना आदान प्रदान गर्ने ।

**धारा ३१. अन्तर्राष्ट्रिय सहयोग**

यस प्रोटोकलको गम्भीर उल्लघंन भएको अबस्थामा पक्षहरुले समिति मार्फत संयुक्त रुपमा वा यूनेस्को र संयुक्त राष्ट्र संघ संगको सहयोगमा संयुक्त राष्ट्र संघको वडापत्र बमोजिम व्यक्तिगत रुपमा कार्य गर्ने कबुल गर्दछन् ।

**धारा ३२. अन्तर्राष्ट्रिय सहायताः**

(१) कुनै पक्षले सुदृढ संरक्षण अन्तर्गत रहेको सांस्कृतिक सम्पत्तिको निमित्त तथा धारा १० मा उल्लिखित कानून, प्रशासकिय व्यवस्थाको तयारी विकास र कार्यान्वयनका निमित्त समिति समक्ष अन्तर्राष्ट्रिय सहायताको लागि अनुरोध गर्न सक्नेछ ।

(२) कुनै द्वन्दको पक्ष भएको भएतापनि यस प्रोटोकलको पक्ष भई नसकेको तर धारा ३ को प्रकरण २ बमोजिम यसका सबै व्यवस्थाहरु स्वीकार गर्ने र लागू गर्ने पक्षले समिति मार्फत् अन्तर्राष्ट्रिय सहायताको लागि अनुरोध गर्न सक्नेछ ।

(३) समितिले अन्तर्राष्ट्रिय सहयोगको लागि गरिने अनुरोध पेश गर्ने सम्बन्धमा र अन्तर्राष्ट्रिय सहायताको रुपमा सम्बन्धमा नियमहरु पारित गर्नेछ ।

(४) पक्षहरुलाई समिति मार्फत सहायताको अनुरोध गर्ने द्वन्दरत पक्षहरुलई सबै प्रकारको प्राविधिक सहयोग उपलव्ध गराउन प्रोत्साहित गरिएको छ ।

**धारा ३३. यूनेस्कोको सहयोग**

(१) कुनै पक्षले यूनेस्कोलाई उसको सांस्कृतिक सम्पत्तिको संरक्षण गर्न जस्तै सांस्कृतिक सम्पत्तिको जगेर्ना गर्न गर्नुपर्ने तयारीका कार्यहरु, आकस्मिक अवस्थामा गर्नुपर्ने निवारणात्मक तथा सांगठनिक कार्यहरु, सांस्कृतिक सम्पत्तिको राष्ट्रिय अभिलेख तयार पार्ने कुराहरु, वा यस प्रोटोकलको कार्यान्वयन गर्ने सम्बन्धमा उठेको कुनै अन्य समस्या समाधान गर्ने सम्बन्धमा प्राविधिक सहायता गर्न माग गर्न सक्नेछ । यूनेस्कोले त्यस्तो सहयोग यसको कार्यक्रम र स्रोतहरुको सीमा भित्र रहेर उपलव्ध गराउनेछ ।

(२) पक्षहरुलाई द्विपक्षीय वा वहुपक्षीय तहमा सहयोग गर्न प्रोत्साहन गरिएको छ ।

(३) यूनेस्कोले आफ्नै पहलमा पनि यस कुराका सम्बन्धमा पक्षहरु समक्ष प्रस्ताव राख्न सक्नेछ ।

## परिच्छेद–८
## प्रोटोकलको कार्यान्वयन

**धारा ३४. संरक्षण गर्ने शक्ति**

यो प्रोटोकल द्वन्दरत पक्षहरुको हित संरक्षण गर्न जिम्मेवार रहेका संरक्षणकारी शक्तिहरुको सहयोगमा कार्यान्वयन गरिनेछ ।

**धारा ३५. मेलमिलापको कार्यविधि**

(१) संरक्षणकारी शक्तिहरुले सांस्कृतिक सम्पत्तिको हितमा उपयोगी हुने गरी जुनसुकै समयमा खासगरी द्वन्दरत पक्षहरु बीच यस प्रोटोकलको व्यवस्थाको प्रयोग वा व्याख्याका सम्बन्धमा असहति रहेको अबस्थामा आफ्ना सद्भावना दूतहरु पठाउनेछन् ।

(२) यस प्रयोजनका लागि हरेक संरक्षणकारी शक्तिले कुनै पक्षको वा महा निर्देशकको वा आफ्नै अगुवाइमा द्वन्दरत पक्षका प्रतिनिधिहरु खासगरी सांस्कृतिक सम्पत्तिको संरक्षणको लागि जिम्मेवार निकायहरुको बैठक उपयुक्ता अनुसार त्यस्तो द्वन्दको पक्ष नभएको कुनै पक्ष राज्यको भू-भागमा गर्ने व्यवस्था गर्न सक्नेछ । द्वन्दरत पक्षहरु बैठकको लागि उनीहरुलाई गरिएको प्रस्तावलाई प्रभावकारी तुल्याउन वाध्य हुनेछन् । संरक्षणकारी शक्ति द्वन्दरत पक्षहरुको स्वीकृतिको लागि त्यस्तो द्वन्दको पक्ष नरहेको कुनै राज्यको नागरिक वा महानिर्देशकले पेश गरेको व्यक्तिको नाम प्रस्ताव गर्नेछन्, जसलाई त्यस्तो बैठकको अध्यक्षता गर्न आमन्त्रण गरिनेछ ।

## धारा ३६. संरक्षणकारी शक्ति अनुपस्थितिमा मेलमिलाप

(१) संरक्षणकारी शक्तिं नभएको द्वन्दको समाधानको लागि महानिर्देशकले सदभावना दूत पठाउने वा अन्य कुनै तरिकावाट मेलमिलाप वा मध्यस्तत गर्ने कार्य गर्न सक्नेछ ।

(२) कुनै पक्षको वा महानिर्देशकको आमन्त्रणमा समितिको अध्यक्षले द्वन्दरत पक्षहरुलाई उनीहरुका प्रतिनिधिहरु खासगरी सांस्कृतिक सम्पत्तिको संरक्षणको लागि जिम्मेवार निकायहरुको बैठक उपयुक्ता अनुसार त्यस्तो द्वन्दको पक्ष नभएको कुनै पक्ष राज्यको भू-भागमा आयोजना गर्ने व्यवस्था गर्न सक्नेछ ।

## धारा ३७.अनुवाद र प्रतिवेदन

(१) पक्षहरुले यस प्रोटोकललाई आ-आफ्नो औपचारिक भाषामा अनुवाद गरी तिनका औपचारिक अनुवादका प्रति महानिर्देशक समक्ष पठाउने छन् ।

(२) पक्षहरुले हरेक चार वर्षमा समिति समक्ष यस प्रोटोकलको कार्यान्वयन सम्बन्धी प्रतिवेदन पेश गर्नेछन् ।

### धारा ३८.राज्यको दायित्व

यस प्रोटोकलमा गरिएको व्यक्तिगत फौज्दारी दायित्व सम्बन्धी कुनै पनि व्यवस्थाले क्षतिपूर्ति गर्ने लगायत अन्तर्राष्ट्रिय कानून अन्तर्गत उत्पन्न हुने राज्यको दायित्वलाई कुनै असर गर्ने छैन ।

## परिच्छेद–९
## आखिरी व्यवस्थाहरु

### धारा ३९. भाषा

यस प्रोटोकललाई अरवी, चिनिया, अंग्रेजी, फ्रान्सीसी, रसियन र स्पेनिस भाषामा सबै छ वटा प्रतिहरु समान रुपमा आधिकारिक हुने गरी तयार पारिएको छ ।

### धारा ४०. हस्ताक्षर

यस प्रोटोकलमा मार्च २६, १९९९ को मिति उल्लेख गरिनेछ । यसलाई मे १७, १९९९ देखि डिसेम्बर ३१, १९९९ सम्म हेगमा सबै उच्च सम्झौताकारी पक्षहरु समक्ष हस्ताक्षरका लागि खुला राखिनेछ ।

### धारा ४१. अनुमोदन, स्वीकृति वा समर्थन

(१) यस प्रोटोकललाई हस्ताक्षरकारी राज्यहरुवाट आ-आफ्नो संवैधानिक कार्यविधि अनुरुप अनुमोदन, स्वीकृति वा समर्थन गरिनु पर्नेछ ।

(२) अनुमोदन, स्वीकृति वा समर्थनको लिखत राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष दाखिला गरिनेछ ।

### धारा ४२. सम्मीलन

(१) यस प्रोटोकललाई जनवरी १, २००० देखि अन्य उच्च सम्झौताकारी पक्षहरुवाट सम्मीलन गर्नका लागि खुला राखिनेछ ।

(२) सम्मीलनलाई सम्मीलनको लिखत महानिर्देशक समक्ष दर्ता गरी प्रभावकारी तुल्याइनेछ ।

### धारा ४३. लागू हुने

(१) प्रस्तुत प्रोटोकल पाँचवटा अनुमोदन, स्वीकृति, समर्थन वा सम्मीलनका लिखत जम्मा गरेको तीन महीनापछि लागू हुनेछ ।

(२) त्यसपछि हरेक उच्च सम्झौताकारी पक्षका हकमा अनुमोदन, स्वीकृति, समर्थन वा सम्मीलनको लिखत दर्ता गरेको तीन महीना पछि यो महासन्धि लागू हुनेछ ।

### धारा ४४. शसस्त्र द्वन्दका अवस्थामा लागू हुने

धारा १८ र १९ मा उल्लिखित परिस्थितिले पक्षहरुद्वारा प्रस्तुत गरिएको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मीलनलाई शत्रुता वा कब्जा शुरुआतको अघि वा पछि तुरुन्तै प्रभावकारी गराउनेछ । यस्तो अबस्थामा राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनले धारा ४६ मा उल्लिखित संचारलाई सबैभन्दा छिटो माध्यमबाट पठाउनेछ ।

### धारा ४५. परित्याग

(१) हरेक पक्षले यस प्रोटोकललाई त्याग्न सक्नेछ ।

(२) परित्यागलाई महानिर्देशक समक्ष लिखित दाखिल गरी सूचित गरिनेछ ।

(३) परित्यागको लिखत प्राप्त भएको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ । तर यदि सो अवधि व्यतित भएपछि सो परित्याग गर्ने पक्ष कुनै सशस्त्र द्वन्दमा

समावेश भएमा शत्रुताको अन्त्य नभएसम्म वा सांस्कृतिक सम्पत्तिलाई पुर्नस्थापना गर्ने कार्य सम्पन्न नहुँदा सम्म जुन अवधि पछिल्लो हुन्छ, त्यस्तो परित्याग प्रभावकारी हुँदैन ।

**धारा ४६. सूचना दिने**

महानिर्देशकले सवै उच्च संझौताकारी पक्षहरु तथा संयुक्त राष्ट्र संघलाई धारा ४१ र ४२ मा उल्लेख भए बमोजिम अनुमोदन, स्वीकृति, समर्थन वा सम्मीलनका सवै लिखतको दाखिला तथा धारा ४५ मा उल्लेख भए बमोजिम परित्यागको लिखतको दाखिला संबन्धी सूचना दिनेछ ।

**धारा ४७. संयुक्त राष्ट्र संघ समक्ष दर्ता**

संयुक्त राष्ट्र संघको वडापत्रको धारा १०२ अनुसार राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकको अनुरोधमा यस प्रोटोकललाई संयुक्त राष्ट्र संघको सचिवालयमा दर्ता गरिनेछ ।

तलका हस्ताक्षरकारी प्रतिको विश्वासका साथ रीतपूर्वक अख्तियारी पाएका हामीले यस प्रोटोकलमा हस्ताक्षर गरेका छौं ।

आज सन् १९९९ को मार्च महीनाको छव्विसौं दिन हेगमा एउटा प्रतिमा मात्रै हस्ताक्षर गरिएको छ जुन राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको अभिलेखालयमा सुरक्षित रहनेछ र यसका प्रामाणित आधिकारिक प्रतिहरु सबै राज्यहरु तथा संयुक्त राष्ट्र संघमा समेत पठाइनेछ ।